# गेरुवा गाउँपालिका


# स्थानीय राजपत्र

खण्डः ६ | संख्याः ५ | मिति : २०७९/०५/१०


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७९/०५/१० मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको नियम नं. ३

## छोरी बचाउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

# छोरी बचाउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

प्रमाणिकरण मिति : २०७९/०५/१०

**प्रस्तावना :-** गेरुवा गाउँपालिका भित्र हुने बालविवाह, बहुविवाह र महिला हिंसाका घटनाहरुलाई न्यूनिकरण गर्न तथा छोराछोरीमा विभेद गर्ने प्रवृत्तिको अन्त्य गर्न, व्यक्तिगत घट्ना दर्ता समयमै गर्न ,स्वास्थ्य संस्थामा हुने प्रसुतीको संख्या वृद्धि गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउने साथै लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्या बन्द गर्ने कार्यमा सहयोग पुयाउने उद्देश्यले यस गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (क) यस कार्यविधिको नाम **छोरी बचाउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :-** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “गाउँपालिका” भन्नाले गेरुवा गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ

(ख) “छोरी ” भन्नाले गेरुवा गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने जन्मेको छोरीलाई सम्झनुपर्छ ।

(ग) छोरी बचाउ कार्यक्रम भन्नाले गेरुवा गाउँपालिकामा संचालित कार्यक्रम सम्झनु पर्दछ ।

## परिच्छेद - २

## कार्यक्रम कार्यान्वयन

**३. सेवाग्राहीले पाउने रकम सम्बन्धी व्यवस्था :**

(क) नवजात छोरी जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराई सम्बन्धीत अभिभावकहरुले अनसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(ख) अनुसूची-१ बमोजिमको ढाँचामा प्राप्त निवेदनका आधारमा गाउँपालिकाले यस कार्यक्रममा समावेश गराउने छ ।

(ग) निवेदन पेश गर्दा नवजात छोरीको आमा र बुवाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी , विवाहदर्ताको प्रतिलिपी र छोरीको जन्मदर्ता , बैंक खाता नं., वडाको सिफारिस साथै खोप कार्डको प्रतिलिपी अनिवार्य रुपमा जन्मेको ४५ दिन भित्र महिला, बालबालिका उपशाखामा पेश गरी सक्नुपर्नेछ ।

(घ) उपदफा २ बमोजिम यस कार्यक्रममा समावेश हुने नवजात छोरीहरुको बैक खाता नं. मा एक पटक एकमुष्ठ **रु.५,०००।-** का दरले गाउँपालिकाले जम्मा गरिदिनेछ । तर, मिति २०७९/४/१ गते भन्दा अगाडी जन्मेका छोरीको हकमा रितपूर्वक निवेदन पेश भएमा रु. २,०००/- का दरले उपलब्ध गराइनेछ ।

**४. रकम झिक्न पाउने अवस्था :-** कार्यक्रममा समावेश भएका नवजात छोरीहरुको स्वास्थ्य , पोषण तथा छोरीको हितमा गरिने खर्चको लागि अभिभावक वा संरक्षकले जुनसुकै वेला पनि छोरीको खातामा रहेको रकम झिक्न पाउनेछन् ।

## परिच्छेद - ३

## विविध

**५. थपघट वा हेरफेर गर्न सक्ने :-** (क) यो कार्यविधिको कार्यान्वयन लाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकताअनुसार थपघट/हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा , अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

(ग) यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम हुने र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. कारवाही सम्बन्धी व्यवस्था :-** यस कार्यविधिमा तोकिएको वर्ग बसाई सराई गरी आएका नवजात छोरी बाहेकका अन्य स्थानीय तहका छोरीहरु वा निजका अभिभावकले झुट्टा विवरण पेश गरी सुविधा लिन हुदैन र त्यस्तो भेटिएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

७. अभिलेख तथा प्रतिवेदन :

(क) सम्बन्धीत शाखाले मासिक तथा वार्षिक रुपमा प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. अनुगमन तथा निरिक्षण : गेरुवा गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्न सक्नेछ, निरीक्षणकर्ताले मागेको कागजात सम्बन्धीत कर्मचारीले उपलब्ध गराउनु पर्नेछ ।

९. पारदर्शीता : सेवाग्राहीहरुको नामवाली सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

१०. बचाउ : यस कार्यविधि भन्दा अगाडी भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची - १**
**दफा ५ को उपदफा (ख) सँग सम्बन्धित**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गेरुवा गाउँपालिकाको कार्यालय, पशुपतिनगर बर्दिया

**बिषय :- छोरी बचाउ कार्यक्रममा सहभागी गराई पाउँ ।**

प्रस्तुत विषयमा गेरुवा गाउँपालिका वडा नं......... घर भई बस्ने .......................... नातिनी ( बालिकाको बाजे / बज्यैको नाम ) ............................ ( आमा )......................... ( बुवा ) को छोरी को आवश्यक कागजात संलग्न राखी छोरी बचाउ अभियान अन्तर्गतको “छोरी बचाउ ” कार्यक्रममा सहभागी गराईदिन हुन अनुरोध गर्दछु ।

**औठा छाँप**

दाँया बाँया

**निवेदक**
**अभिभावक / संरक्षकको नाम :-**
**ठेगाना :-**
**हस्ताक्षर :-**
**मिति :-**

अनुसूची-२

<u>लाभग्राहीको अभिलेखको ढाँचा</u>

आर्थिक वर्ष :

साल : महिना :

| क.सं. | छोरीको नाम, थर | जन्मदर्ता नम्बर | स्थायी ठेगाना | बाबुको नाम, थर | आमाको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

आज्ञाले,
विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत